# मण्डनदेउपुर नगरपालिका
## स्थानीय राजपत्र

खण्ड- ९   मण्डनदेउपुर,   पुष २५ गते,  २०८२ साल     संख्याः ६


## भाग-२

# मण्डनदेउपुर नगरपालिका, ‘घ’ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न बनेको कार्यविधि, २०८२

**कार्यपालिकाबाट पारित मितिः२०८२/०९/२४**
**प्रमाणीकरण मितिः २०८२/०९/२५**

**प्रस्तावनाः** मण्डनदेउपुर नगरपालिकाको ‘’घ’’ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले मण्डनदेउपुर नगरपालिकाको नगरकार्यपालिकाले आफ्नो अधिकार प्रयोग गरि देहायका कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम मण्डनदेउपुर नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८२ रहेको छ।

(२) यो कार्यविधि नगरकार्यपालिकाबाट पारित भई प्रमाणीकरण भएको मितिदेखी लागु हुनेछ।

**२. मण्डनदेउपुर नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि,** २०७५ **(यस पछि मूल कार्यविधि भनिएको) को दफा** २ **पश्चात देहायका दफा (२क) र (२ ख) थप गरिएको छ।**

**(२ क) इजाजत पत्र नामसारी सम्बन्धी व्यवस्थाः**

(१) सम्बन्धित निकायमा दर्ता भएको फर्म/कम्पनीको नाम वा शेयरधनी/संचालक परिवर्तन/नामसारी भई मूल कार्यविधिको दफा २ बमोजिम मण्डनदेउपुर नगरपालिकाबाट प्रदान गरिएको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र नामसारीका लागि निवेदन प्राप्त भएमा त्यस्तो निर्माण व्यवसायी इजाजतपत्र एक व्यक्ति/पक्ष बाट अर्को व्यक्ति/पक्षमा नामसारी गर्न सकिनेछ।

(२) इजाजतपत्र नामसारीका लागि निवेदन पेश गर्दा इजाजत पत्र नामसारी हुने व्यक्ति/पक्षको नाममा मूल कार्यविधिको दफा २ को उपदफा (२) ले तोके बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम योग्यता पुगेको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नामसारी निर्णयका लागि नगरकार्यपालिका बैठक समक्ष पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम नगरकार्यपालिकामा पेश भएको प्रस्ताव उपर नामसारी गर्ने निर्णय भएमा प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नामसारी गरी नामसारी पश्चातको प्रमाणपत्र दिनुपर्नेछ।

(५) इजाजतपत्र नामसारी दस्तुर मूल कार्यविधिको दफा २ को उपदफा (४) बमोजिमको इजाजतपत्र दस्तुर बराबर हुनेछ।

**(२ ख) इजाजत पत्र ठाउँसारी सम्बन्धी व्यवस्थाः**

(१) अन्य स्थानीय तहमा रजिष्टर्ड कार्यालय रहने गरी सम्बन्धित निकायमा दर्ता भएको फर्म/कम्पनीले आफ्नो रजिष्टर्ड कार्यालयको ठेगाना अन्य स्थानीय तहबाट ठाउँसारी गरी मण्डनदेउपुर नगरपालिकामा कायम गरेको अवस्थामा साविकको स्थानीय तहबाट जारी 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र जारी गर्दा पेश गरिएको सम्पूर्ण सक्कल वा प्रमाणीत कागजपत्र तथा साविकको स्थानीय तहको ठाउँसारी सिफारिस सहित 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्रको ठाउँसारीका लागि निवेदन पेश गरेमा मूल कार्यविधिको दफा 2 को प्रकृया पुरा गरी 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्रको ठाउँसारी गर्न सकिनेछ।

**३. मण्डनदेउपुर नगरपालिका, "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि,२०७५ लाई संशोधन गर्न बनेको कार्यविधि,२०७९ को दफा २ मा संशोधनः**
मण्डनदेउपुर नगरपालिका, "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५ लाई संशोधन गर्न बनेको कार्यविधि, २०७९ को दफा २ को सट्टा देहायको दफा २ राखिएको छ।

(क) मूल कार्यविधिको दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ।

**४. मण्डनदेउपुर नगरपालिका, "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५ लाई संशोधन गर्न बनेको कार्यविधि,२०७९को दफा ३ मा संशोधनः**
मण्डनदेउपुर नगरपालिका, "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५ लाई संशोधन गर्न बनेको कार्यविधि, २०७९ को दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ।

मूल कार्यविधिको अनुसूची-२ को सट्टा देहायको अनुसूची-२ राखिएको छ।

## अनुसूची-२

### (मूल कार्यविधिको दफा२, दफा ३, दफा ४ र दफा ५ सँग सम्बन्धित)

| क्र. सं. | इजाजत पत्रसँग सम्बन्धित विवरण तथा व्यवस्था | दस्तुर रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | मूल कार्यविधिको दफा २ को उपदफा (४) सँग सम्बन्धित इजाजतपत्र दस्तुर | मण्डनदेउपुर नगरपालिकालको सालबसाली आर्थिक ऐनले तोके बमोजिम | |
| २ | मूल कार्यविधिको दफा ३ को उपदफा (२) सँग सम्बन्धित इजाजतपत्र नवीकरण दस्तुर | मण्डनदेउपुर नगरपालिकालको सालबसाली आर्थिक ऐनले तोके बमोजिम | |
| ३ | मूल कार्यविधिको दफा ३ को उपदफा (३) सँग सम्बन्धित इजाजतपत्र नवीकरण दस्तुर | मण्डनदेउपुर नगरपालिकालको सालबसाली आर्थिक ऐनले तोकेको रकममा १००% थप जरिवाना | |
| ४ | यो कार्यविधिको दफा २ सँग सम्बन्धित इजाजतपत्र नामसारी/ठाँउसारी दस्तुर | मूल कार्यविधिको दफा २ को उपदफा (४) बमोजिमको इजाजतपत्र दस्तुर बराबर | |
| ५ | इजाजतपत्र प्रतिलिपि दस्तुर | मण्डनदेउपुर नगरपालिकालको सालबसाली आर्थिक ऐनले तोके बमोजिम | |

**५. मूल कार्यविधिको अनुसूची-५ मा संशोधनः** मूल कार्यविधिको अनुसूची-५ को बुदा १ को सट्टा देहायको बुदा राखिएको छ ।

१. **फर्म कम्पनी दर्ता तथा सूचिकृत भएको हुनुपर्ने:** न्यूनतम चालु पुँजी पाँच लाख रुपैया कायम गरी प्रचलित कानून बमोजिम दर्ता गर्नुपर्ने निकायमा दर्ता भएको प्रमाणपत्र, स्थायी लेखा नम्बर तथा स्थानीय तहमा सूचिकृत भएको प्रमाणपत्र।

**आज्ञाले,**
**(अमृत कुमार धिताल)**
**प्रमुख प्रशासकीय अधिकृत**

**मुल्य रु. ५ मात्र**